
ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-१३, २०७५ साउन १२ गते, शनिबार (July 28, 2018 Saturday) www/janatimes/com मुल्य रू. ५/- पृष्ठ संख्या: ६



पृष्ठ ४ मा

पाकिस्तानमा इम्रान खानको उदय

मल अभावले किसानलाई सास्ती



फत्तेपुर/ रुपनी गाउँपालिका वडा नम्वर-५ बसबिट्टीका मो. सकुर एक सातादेखि मल लिनका लागि एकाबिहानै राजविराज धाउँदै आएका छन् र अपरान्हतिर मल सकिएको भनी कर्मचारीले सूचना दिएपछि निराश भएर फर्किनुपरेको पीडा सुनाए। 'शासन व्यवस्था त बदलियो तर व्यवहार बदलिएको छैन, हिजो जे थियो आज पनि त्यस्तै हालत छ र'-उनले भने। अधिकारप्राप्तिकालागि आन्दोलन भएको चर्चा गर्दै उनले आफुहरुले भोट दिएर जिताएका प्रतिनीधिहरुले समेत यसतर्फ चासो नदेखाएको भनी गुनासो गरे।

साउन वित्न लाग्दा पनि तराईमा पानी नपर्दा कृषकको धानवाली सुक्न थालेको छ। प्राकृतिक समस्या झेल्दै आएका कृषकहरु यतिबेला मलखाद नपाउँदा समस्या भएको छ।


बर्षैपिच्छे सप्तरीसहित मधेशका किसानहरुले भोग्दै आएको पीडा यसवर्ष समेत दोहोरिएको छ र पञ्चायती व्यवस्था, प्रजातन्त्र, लोकतान्त्रिक गणतन्त्र हुँदै संघीय शासन व्यवस्थासम्म आईपुग्दा पनि किसानको समस्या ज्यूँका त्यूँ छ।

खेती किसानी हुने मधेशका जिल्लाहरुमा गहुँ बाली लगाउने बेला होस् या धानबाली लगाउने बेला, यहाँका किसानका लागि नियति नै बनिसकेको छ। भोट दिएर जिताएका जनप्रतिनीधिहरु पनि किसानको समस्याप्रति गम्भीर नभएको किसानहरुलाई थप सुविधा दिनुपर्नेमा प्रदेश सरकारले कुनै काम नगरेको कञ्चनरुप नगरपालिका -४ का रामकिसन यादवले बताए। वर्षा नभईरहेको अवस्थामा वैकल्पिक माध्यमबाट खेती गर्नकालागि मल लिन दैनिक राजविराज धाउँदा-धाउँदै थाकिसकेको दुःखेसो सुनाउँदै भने 'यहाँ त पैसा तिरेर पनि मल पाउन गाह्रो छ, अब त लाग्छ खेती छाडिदिउँ तर वर्षभरि बालबच्चाको भरणपोषण कसरी गर्ने भनी चिन्ताले पिरोल्ने गर्छन्।'

कृषि सामग्री केन्द्र लिमिटेडले सहकारी संस्था मार्फत सप्तरीका किसानहरुलाई रसायनिक मल उपलब्ध गराउँदै आएका छन्। तर, सुपथ मूल्यमा बिक्री गर्ने भनी लगिएको रसायनिक मल सहकारी संस्थाले मनपरी मूल्य

बाँकी अन्तिम पृष्ठमा

सप्तरीका अग्रज पत्रकार खतिवडाको निधनमा प्रदेश सांसद न्यौपानेद्वारा दुःख व्यक्त



फत्तेपुर/सप्तरीको रहनुमाननगर सडकखण्डको देउरी भरुवा स्थित खाँडो पुल नजिकै बुधवार माइक्रो बस दुर्घटना हुँदा एक अग्रेज पत्रकारको मृत्यु भएको छ।

विराटनगरबाट राजविराजतर्फ आउँदै गरेको को १ ज २१४९ नम्वरको माइक्रो बसलाई विपरित दिशातर्फ गईरहेको ना ५ ख ६१० नम्वरको बसले ठक्कर दिदाँ माइक्रोमा सवार राजविराज-७ का ७५ वर्षीय रामप्रसाद खतिवडाको मृत्यु भएको हो।

नेपाल पत्रकार महासंघ सप्तरीका सदस्य तथा प्रेस चौतारी सप्तरीका संस्थापक समेत रहेका खतिवडा सप्तरीलाई कार्यक्षेत्र बनाएर विगत ५ दशकदेखि पत्रकारीता गर्दै आएका थिए र मातृभुमि साप्ताहिकबाट पत्रकारीता सुरु गरेका उनी दृष्टि साप्ताहिक लगायतका पत्रिकाहरुमा समेत काम गरेका थिए।

दुर्घटनामा माइक्रोमै सवार मोरङ्गका मोतिपुर- ६ का प्रहरी हवल्दार ३० वर्षिय श्रवण माझी, राजविराज-१ का ४५ वर्षीय मित्यानन्द झा र सुनसरी दुहवी १० का ५२ वर्षिय अर्जुन ठकुरी गम्भिर घाईते भएको प्रहरीले जनाएको छ।

घाईते तीनै जनालाई उपचारका लागि विराटनगर स्थित नोवेल अस्पतालमा भर्ना गरिएको सप्तरीका प्रहरी प्रमुख एसपी मुकेशकुमार सिंहले बताए।

यसैबीच प्रदेश सभा सदस्य समेत रहेका तत्कालिन नेकपा एमालेका जिल्ला अध्यक्ष गोबिन्द न्यौपानेले अग्रज पत्रकार रामप्रसाद खतिवडाको सडक दुर्घटनामा परी

बाँकी अन्तिम पृष्ठमा

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा। साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन



एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,
नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

मल...

बढाएर बिक्री वितरण गर्ने गरेको किसानहरुको गुनासो छ ।

रोपाइँ गर्न चटारो रहेको मौकाको फाइदा उठाउँदै सहकारीले डिएपी, युरिया र पोटास मलमा निर्धारित मूल्यभन्दा प्रति बोरामा रु.४ सयदेखि ६ सयसम्म बढी मुल्यमा बिक्री गर्ने गरेको किसानहरु बताउँछन् र धान रोपाइँको सिजनमा डिएपी, युरिया र पोटास गरी झण्डै १५ हजार मेट्रिक टन रसायनिक मलको आवश्यकता रहे पनि आवश्यकता अनुसार कृषि सामाग्री केन्द्रिले आपूर्ति नदिदाँ जिल्लामा रसायनिक मलको अभाव भएको जिल्ला सहकारी संघको भनाई छ ।

जिल्ला सहकारी संघ सप्तरीका प्रबन्धक रमेश कुमार गुप्ताका अनुसार कृषि सामाग्री केन्द्रले आपूर्ति नदिदाँ सप्तरीमा हालसम्म २ हजार मेट्रिक टन रसायनिक मल मात्रै वितरण गर्न सकेको हो ।

यता, कृषि सामग्री केन्द्र लिमिटेड राजविराजले सुरुमा डिएपी मल केहि रुपमा अभाव रहे पनि युरिया, डिएपी र पोटास गरी ८ हजार मेट्रिक टन जिल्लाका सहकारीहरुलाई वितरण गरिरहेको दावी गरेका छन् ।

किसानलाई मारमा पार्ने गरी रसायनिक मलको कालोबजारी भईरहेको विषयमा गुनासो आएकोले अनुगमन थालिएको मलखाद्य आपूर्ति समितीका संयोजक प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल बताउँछन् । अनुगमनको क्रममा कुनै सहकारी संस्थाले कालोवजारी गरिहेको पाइएमा ठाउँको ठाउँ कारवाही गर्ने मलखाद्य आपूर्ति समितीका संयोजक प्रमुख जिल्ला अधिकारी पौडेलले बताए ।

सप्तरीका...

मृत्यु भएको दुःखद खबरले आफुलाई स्तब्ध तुल्याएको जनाएका छन् । प्रेस चौतारी नेपालका संस्थापक समेत रहेका खतिवडाले लोकतान्त्रिक र बामपन्थी आन्दोलनमा पुर्याएको योगदान अविस्मरणीय रहेको जनाउँदै प्रेस विज्ञप्तिमा अगाडि भनिएको छ 'तत्कालिन एमालेका संगठित सदस्य समेत रहेका खतिवडा एमाले सप्तरीको कार्यालय सचिवको रुपमा समेत रही पार्टीमा योगदान दिएका थिए, उनको निधनले पार्टीले एक असल योद्धा गुमाउन पुगेको छ भने मैले एक अभिभावक गुमाउन पुगेको छु ।' उनले स्वर्गीय खतिवडाको आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छन् ।

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रबाट लागि परौ र
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुषणयुक्त बनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ र कपडा तथा कागजका झोलाहरु बढीमात्रामा प्रयोग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सबै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक बनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका बनाऔं ।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।



बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ

जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

सूचना

लोक सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधीको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मार्ग
अगाडी फोन नं.: ०३१-५५०१८७

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौं प्रतिनिधि: मिलन कंसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, वेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय रेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्क: ९८०३८९६७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय.....

गाउँगाउँमा सिंहदरबार: जनतालाई महशुश गराऔं

मधेशका नदीनालामा बर्षाको पानीले जलमग्न छन् र कुनै बेला पानीको बहाव दायाँबायाँ मोडिन सक्छ । यसबाट जनधनको क्षति हुने निश्चित प्रायः छ । विपद्को बेला कसरी बाँच्ने भनेर चेतनामूलक कार्यक्रम गर्न बजेट खर्चिएको त छ तर राम्रो सदुपयोग नभएको अवस्था छ ।

नदी, नहरको जीर्णोद्धार गर्न करोडौं रकम खर्चिए पनि बर्षायाममा समस्या उस्तै हुनु नेपालीहरूको लागि विडम्बना हो र सप्तरीका कतिपय गाउँ डुवानमा परेका छन् । गोवरगडा गाउँ टापु बनेको अवस्था छ र यि समस्या सुल्झाउन सरकारले प्रभावकारी काम नगर्नु किमार्थ राम्रो मान्न सकिदैन् ।

पहिले पो सरकार काठमाण्डौंमा मात्र थियो । गाउँको समस्या देख्दैन थियो । अहिले त प्रदेश सरकार छ र गाउँगाउँमा जनप्रतिनीधिहरू छन् । गाउँमै सरकार हुदासमेत बाढीपीडितहरू सधै पीडामा बस्नु पर्ने अवस्था आउनु राम्रो मान्न सकिदैन् ।

प्रदेश सरकार तथा स्थानीय जनप्रतिनिधीहरूले गाउँका समस्याबारे गम्भीर हुनु पर्दछ । बाढी पीडितहरूलाई उचित बसोवास तथा राहतको व्यवस्था तत्काल मिलाउनु पर्दछ र गाउँगाउँमा सिंह दरवार छ भन्ने कुरा जनतालाई महसुस गराउनु पर्दछ ।

☎ जरूरी टेलिफोन ☎

सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

आर्थिक विकासको क्षेत्रमा सहकारीको भूमिका

❑ उपेन्द्र झा

उच्चस्तरको समाज विकास तथा मानव जीवनशैलीमा प्रशंसनीय परिवर्तन ल्याएर अन्तर्राष्ट्रिय स्तरमा सहकारी संस्थाले आफ्नो राम्रो पहिचान कायम गरि सकेको छ । बेलायतको म्यानचेष्टरबाट सन् १८४४ मा स्थापना भएको पहिलो सहकारी संस्थाले आफ्नो प्रभावकारी भूमिकाको माध्यमले जर्मनीलाई पनि आकर्षित गऱ्यो । सन् १८५२ मा जर्मनीमा बचत तथा ऋण सहकारी संस्था खुल्यो । जनस्तरमा प्रत्यक्ष सम्बन्ध बनाउने, जनताको अपेक्षालाई यथाशक्ति सम्बोधन गर्ने सहकारीको महत्वपूर्ण आकर्षणका कारण जनस्तरमा सहकारी लोकप्रिय हुँदै गयो । आफ्नो प्रभावकारी भूमिकालाई बढाउँदै सहकारीले विश्वस्तरमा अन्तर्राष्ट्रिय सहकारी महासंघ को रूपमा विकसित भएको छ । १०७ देशका ३०७ सदस्य संस्था आबद्ध सहकारीको अन्तर्राष्ट्रिय छविलाई अझ प्रभावकारी बनाउन सन् १९२३ देखि प्रत्येक वर्ष जुलाईको पहिलो शनिवार सहकारी दिवस मनाउने चलन शुरू भयो । सामाजिक, आर्थिक क्षेत्रमा सहकारीको प्रभावकारी योगदानलाई कदर गर्दै संयुक्त राष्ट्रसंघले पनि १९९५ देखि संयुक्त रूपमा सहकारी दिवस मनाउन शुरू गरेको हो ।

अन्तराष्ट्रिय स्तरमा आर्थिक, सामाजिक रूपान्तरणमा सहकारीको महत्वपूर्ण भूमिका देखेर नेपालमा पनि वि.सं. २०१३ साल चैत २० गते चितवनमा बखानसिंह गुरूङले बखानपुर सहकारी संस्थाको स्थापना गऱ्यो । त्यसैलाई आधार मानेर नेपालमा चैत २० गते सहकारी दिवस मनाउन थालिएको हो । जनस्तरमा प्रत्यक्ष सम्बन्ध राख्ने सहकारीको दाँजोमा अरू वित्तिय निकाय लोकप्रिय हुन सकेन । बैंक तथा अन्य वित्तिय निकायको जटिल सेवा प्रक्रियाले जनस्तरमा प्रभावकारी भूमिका जमाउन सकेन । सहकारीको लोकप्रियता बढ्दै जाँदा सहकारी दर्ता गराउने क्रम तीव्र गतिमा शुरू भयो ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् सरकारले आर्थिक उदारिकरणको नीति लिएपछि सहकारी क्षेत्र तीव्र रूपले विकास गऱ्यो । आर्थिक क्षेत्रमा सहकारीलाई तेश्रो खम्बाको रूपमा परिभाषित गरेपछि सहकारीको प्रतिष्ठा बढ्न थाल्यो । सहकारी विधागको तथ्याँक अनुसार हालसम्म दर्ता भएका सहकारीको संख्या ३४ हजार ५ सय १२ पुगेको छ । सहकारीले ३ खर्ब २ अर्ब २६ करोड रूपियाँ निक्षेप संकलन गरि २ खर्ब १४ अर्ब ऋण पनि लगानी गरेको छ । देशका ६ लाख ३० हजार नागरिक सहकारीमा आबद्ध रहेकोमा ५१% महिला सहभागिताले लैंगिक सशक्तिकरणमा उल्लेखनीय योगदान गरेको देखिन्छ ।

ग्रामीण स्तरमा सहकारीको लोकप्रियता बढे पनि सरकारको प्रत्यक्ष निगरानीको अभावमा सहकारीमा क्रमिक रूपमा विकृतिहरू भित्रिन थाल्यो र सहकारीले जन सम्पर्क बढाएपनि सेवामुखीभन्दा नाफामुखी प्रवृतिको विकास गराएपछि समग्र सहकारी क्षेत्र नै बदनाम भयो । १४ हजार बचत र ऋण सहकारी संस्था तथा ४ हजार ३ सय बहुद्देशीय सहकारी संस्थाले निक्षेप संकलन गरि आर्थिक अनियमितताका शिकार भई समग्र सहकारी क्षेत्रमा बदनामी कमाएका छन् । आर्थिक अनियमितताका कारण केही सहकारी संस्था कार्रवाहीमा परि अस्तित्व गुमाएका छन् भने सोही क्षेत्रमा केही सहकारीले आशातीत सफलता पनि हासिल गरेका छन् । १४ हजार बचत तथा ऋण सहकारी संस्थाबाहेक अन्य विषयका सहकारीहरू पनि बचत र ऋण कारोवारमै संलग्न देखिएका छन् । सहकारी संस्थालाई नाफा कमाउने उद्देश्यका साथ निक्षेपलाई व्यक्तिगत रूपमा उपयोग गर्ने प्रवृति मौलाउँदै जाँदा केही स्वार्थका लागि सिंगै सहकारी क्षेत्रमा कलंक लागेको अवस्थालाई सरकारले क्रमशः व्यवस्थित पनि गर्दै आएको छ । नाफा कमाउने लक्ष्य लिएर दर्ता हुने सहकारी प्रदेश नं. ३ मा सबभन्दा बढि ११,५७७ संस्था खुलेका छन् । त्यसपछि प्रदेश नं.२ मा ५,८५७, प्रदेश नं. १ मा ५,१४४, प्रदेश नं. ५ मा ३,७६३, प्रदेश नं. ४ मा ३,६७८, प्रदेश नं. ७ मा २,३६२ र प्रदेश नं. ६ मा २,१२२ सहकारी संस्था दर्ता रहेका छन् । सहकारी क्षेत्रले ३ खर्ब २१ अर्ब निक्षेप संकलन, ७३ अर्ब ७७ करोड शेयर पूँजी संकलन गरि २ खर्ब ७३ अर्बको ऋण लगानी गरेको छ ।

आर्थिक क्षेत्रमा टेवा दिने भनेर जारी गरिएको सहकारी ऐन(०४८ को प्रस्तावनामा ग्रामीण क्षेत्रका गरिब, भूमिहीन, किसान, महिला, जनजाती तथा दलित उत्थानका लागि सहकारी दर्ता गरिने उल्लेख छ । तर पनि लक्षित उद्देश्यमा काम नगरि आर्थिक अनियमितताितर उन्मुख भए । सहकारी क्षेत्रको आर्थिक अनियमितालाई रोक्न गौरी बहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरि सरकारले कतिपय सहकारी कार्रवाहीमा परेर खारेज भए । कतिपय कार्रवाही भोग्दै छन् । सहकारी क्षेत्रलाई अधिक व्यवस्थित गर्न सहकारी ऐन(०७४ ले सहकारी दर्ता, संचालन तथा कार्रवाहीको व्यवस्थामा कडाई गरेको छ ।

बेरोजगारी हटाउन, युवाहरूको विदेश पलायन रोक्न सरकार सहकारीमार्फत अनुदान दिएर स्वरोजगार कार्यक्रम संचालन भयो तर आर्थिक बेथितिको शिकार भएर यो कार्यक्रम कुनै उपलब्धि दिन सकेन । सरकारको करोडौं रकम जोखिममा पऱ्यो । सहकारीमा संस्थागत विकास भई रहेको आर्थिक बेथितिलाई समूल नष्ट गर्ने सरकारका प्रयासहरू भएपनि अपेक्षित सफलता भने पाउन सकेको छैन । सहकारीलाई कृषि र सहकारीका विभिन्न निकायबाट अनुदान सहयोग हुँदै आएको छ । कृषि र सहकारी मन्त्रालय अहिले एक भएकोले अनुदानको दुरूपयोग रोक्न कारगर हुने सम्बन्धित निकायले आशा लिएको छ ।

उत्पादन बढाउन, स्वरोजगार गर्न लक्षित समुदायमा केन्द्रीत भई कार्य संचालन गर्न सरकारले आ.व. २०६५/०६६ देखि सहकारीलाई अनुदान दिने कार्यक्रम संचालन गरेको हो । अनुदानलाई व्यवस्थित गर्न सहकारी विभागले निर्देशिका जारी गरेको छ । यो निर्देशिकाले दुर्गम क्षेत्रका लक्षितवर्गका लागि ८०% र अन्य क्षेत्रमा ६०%सम्म र महिला सहकारी संस्थालाई दुर्गममा ९५%, अन्यमा ७५% अनुदान दिने व्यवस्था गरिएको छ ।

ठूला सहकारीहरूले आफ्नो जिम्मेवारीबोधका साथ सहकारी क्षेत्रमा रहेको आर्थिक बेथितिलाई हटाउन जेठ २६ गते शनिवार केन्द्रस्तरको भेला आयोजना गरि सहकारीको बचत तथा शेयरपूँजीलाई संरक्षण गर्दै, उत्पादन, उद्यमशीलता, रोजगारी वृद्धि गराउने १२ बूँदे प्रतिबद्धताका साथ २ दिने भेला सम्पन्न गरेको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संयुक्त आयोजनामा काठमाण्डौंमा भएको केन्द्रीय भेलामा देशभरका ६०० सहकारी संस्थाको सहभागिता थियो । आलोचित भई रहेको सहकारी क्षेत्रलाई व्यवस्थित गर्न बोलाईएको यो भेलाले आत्मालोचनाका साथै सहकारीको पूँजीलाई उत्पादनको क्षेत्रमा, वित्तीय पहुँच नभएको कमजोरवर्गलाई समेट्न, उद्यमशीलतालाई बढाउन तथा स्वरोजगारका लागि कमजोरवर्गसम्म सहकारीको विस्तार गर्न र सहकारीमा रहेका बेथितिलाई हटाउन सहकारीकर्मी पूर्ण इमान्दार बन्नु पर्ने संकल्प लिएका छन् । आत्मालोचित भई आफैले सुधारका संकल्प लिने सहकारी संस्थाको यो कदम प्रशंसनीय नै मान्नु पर्दछ ।

देशको आर्थिक विकासको क्षेत्रमा, सामाजिक जीवनस्तर विकासको क्षेत्रमा, उत्पादनशीलताको क्षेत्रमा सहकारीको योगदान विषयमा संयुक्त राष्ट्रसंघले २०१४ मा १४५ वटा देशको सहकारीमा सर्वे गरेको थियो । न्युजिल्याण्डका सहकारी विश्व कै सर्वोत्कृष्ट सहकारी अर्थव्यवस्थामा घोषित भएको थियो । न्युजिल्याण्डको सहकारीले त्यहाँको कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान गरेको पाईयो । फ्रान्स र नेदरल्याण्डका सहकारीले कूल गार्हस्थ्य उत्पादनमा १८ प्रतिशतका दरले योगदान गरेको छ भने फिनल्याण्डको सहकारीले १४ प्रतिशतले योगदान गरेको छ । नेपालमा त्यस्ता सर्वे नभएपनि कूल गार्हस्थ्य उत्पादनमा ५ प्रतिशत रहेको अर्थविद्हरूको अनुमान छ ।

विश्वस्तरमा सहकारीको योगदान उल्लेखनीय रहेको कुरा उपरोक्त तथ्याँकले देखाएको छ । ठूला वित्तीय संस्थाहरूसंग सर्वसाधारणको पहुँच नरहेको अवस्थामा सहकारीको महत्व बढ्न गएको हो । ६ दशक पार गरि सकेको सहकारीको अभ्यास अहिले पनि राष्ट्रिय उत्पादनमा आफ्नो ठाउँ बनाउन सकेको छैन । तर सहकारी क्षेत्रमा रहेको आर्थिक बेथितितिर सहकारीको ध्यान गएको सुधारको दिशामा ठूलो पहल भएको छ । स्थानीयस्तरमा जन सम्पर्कसंग प्रत्यक्ष जुडेको सहकारी, कृषि उत्पादनको क्षेत्रमा निकै सहयोगी भूमिका खेल्न सक्ने अवस्था छ ।

विश्वभर दर्ता भएका २६ लाख सहकारीमा १ अर्ब २० करोड मानिस संगठित छन् । विश्वका २८ करोड मानिस सहकारीबाट लाभान्वित भएका छन् । आफ्नो देशमा सहकारीले कूल गार्हस्थ्य उत्पादनमा २० प्रतिशतले सहयोग गर्नु त्यहाँको सहकारीको दक्ष व्यवस्थापन, कुशल कार्यान्वयन तथा सक्रिय अनुगमनको नतिजा हो । विश्वकै सहकारी क्षेत्रको प्रेरणा स्रोतको रूपमा देखिएको न्युजिल्याण्ड, फ्रान्स, नेदरल्याण्ड र फिनल्याण्डका सहकारी रहेका छन् ।

(मधेश दर्पण फिचर सेवा)

जनता टाइम्स्
२०७५ साउन ५, July 21, 2018

शुक्रबार शताब्दीकै लामो अवधिको खग्रास चन्द्रग्रहण

● लक्ष्मीप्रसाद बराल

आकाशमा बेलाबेलामा देखिने ग्राह्य र ग्राहक बिम्बहरूको मेललाई ग्रहण भन्दछन्। अर्थात् ग्राहक बिम्बले ग्राह्य बिम्बलाई ग्रहण गर्ने वा छेक्ने कार्यलाई ग्रहण भनिन्छ। सूर्यबिम्बलाई चन्द्रमाले छेक्दा सूर्यग्रहण देखिन्छ भने चन्द्रबिम्ब पथ्वीको छायाभित्र प्रवेश गर्दा चन्द्रग्रहण लाग्दछ। छाद्यबिम्बको पूरै भागलाई छादकले छेकेको अवस्थालाई खग्रास र आंशिक भाग छेकेको अवस्थालाई खण्डग्रास ग्रहण भन्दछन्।

व्यवहारमा मंगल, बुध आदि पञ्च ताराग्रहबाहेक सूर्य र चन्द्रमामा देखिने ग्रहणलाई मात्र 'ग्रहण' शब्दले बुझाउने गरिन्छ। पृथ्वीले सूर्यलाई र चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्ने क्रममा कुनै बेला पृथ्वीको छाया चन्द्रमामा पर्छ भने कहिलेकाहीं चन्द्रमाको छाया पृथ्वीमा पर्छ। यसरी पृथ्वीको छाया चन्द्रमामा पर्दा चन्द्रग्रहण र चन्द्रमाको छाया पृथ्वीमा पर्दा सूर्यग्रहण देखिन्छ।

ग्रहण लाग्दा एउटै रेखाका तीन विन्दु जस्तै भएर सूर्य, पृथ्वी र चन्द्रमा एक लहरमा आइपुगेका हुन्छन्। यस्तो अवस्था औंसी र पूर्णिमामा मात्र सम्भव हुन्छ। त्यसैले सूर्यग्रहण औंसीमा र चन्द्रग्रहण पूर्णिमामा मात्र देखिन्छ। चन्द्रग्रहण लाग्दा चन्द्रमा र सूर्यको बीचमा पृथ्वी आइपुग्छ र पृथ्वीको छायामा चन्द्रमा प्रवेश गर्छ।

२०७५ साल साउन ११ गते शुक्रवार पूर्णिमा तिथिमा खग्रास चन्द्रग्रहण लाग्दै छ। नेपाली समयअनुसार काठमाडौंमा रात्रि १२:०९ बजे ग्रहणको स्पर्श हुनेछ। रात्रि १:१५ बजे ग्रहणको सम्मिलन ९चन्द्रबिम्बको पूरै भाग छायामा प्रवेश० हुनेछ भने २:०९ बजे ग्रहणको मध्य र २:५९ बजे उन्मिलन ९चन्द्रबिम्ब छायाबाट निस्कन सुरु० हुनेछ। रात्रि ४:०६ बजे मोक्ष हुने ग्रहणको पूरा अवधि ३ घण्टा ५७ मिनेट रहनेछ। मध्य एसिया, पूर्वी अफ्रिका र पूर्वी युरोपबाट पूर्ण अवधिसम्म देखिने उक्त खग्रास चन्द्रग्रहण यस शताब्दीकै लामो अवधिसम्म लाग्ने ग्रहण हो।

ग्रहणमा के नगर्ने रु के गर्ने

यो खगोलीय परिघटनाले प्रभाव पार्ने क्षेत्रमा चन्द्रमाबाट आउने विषमय तथा विकृत किरणहरूको वर्षाले समस्त प्राणी र विशेषगरी मानवजगतमा प्रतिकूल प्रभाव पार्ने गर्दछ। यसर्थ पूर्वीय ऋषि-महर्षिहरूले ग्रहणकाललाई अशुद्ध समयका रूपमा व्याख्या गरेका छन्। धर्मशास्त्रमा ग्रहण लागेका बेला विशेष काम, खानपान, मनोरञ्जन, खेलकुद, शयन, शृंगार, मंगलमय धार्मिक कृत्य, मूर्तिस्पर्श आदि गर्न निषेध गरिएको छ।

ग्रहण लागेका बेलाको भोजन स्वास्थ्यका लागि हानिकारक र प्रतिकूल हुने मानिन्छ। पौराणिक मान्यताअनुसार ग्रहणकालमा राहुले सूर्य र चन्द्रमालाई निल्ने गर्दछ। त्यसैले भनिन्छ, राहुग्रस्त सूर्य वा चन्द्रमाले ओकलेको विष पृथ्वीमा आउने हुँदा सबै खानेकुराहरू विषाक्त बन्दछन्। यसर्थ ग्रहण लाग्दा पकाएर राखेका ९बासी० खानेकुरा ग्रहण नगर्नु जायज मानिन्छ। राहुको सूतकमा दूध, दही, मही, तेल र घिउमा पाकेका अन्न र मणिपात्रमा राखेको जल भने दूषित नहुने शास्त्रवचन पाइन्छ। कुश, तिल र तुलसीमा राहुदोष नलाग्ने हुँदा खाद्य पदार्थहरूलाई राहुको विषाक्त प्रभावबाट जोगाउन कुश, तिल, तुलसीपत्र आदि राख्ने गरिन्छ।

चन्द्रग्रहण लाग्नुभन्दा तीन प्रहर ९९ घण्टा० र सूर्यग्रहण सुरु हुनुभन्दा चार प्रहर ९१२ घण्टा० अघिदेखि ग्रहण सूतक लाग्दछ। धर्मशास्त्रअनुसार सूतक लागेपछि खानपान गर्न हुँदैन। यसर्थ नेपाल पञ्चाङ्ग निर्णायक समितिले ग्रहण लाग्ने दिन अपराह्न १५:०९ बजेदेखि अशक्त, बाल, वृद्ध र आतुरलाई बाहेक भोजनादि नगर्न सुझाएको छ। चन्द्रबिम्ब पृथ्वीको विरल छायामा एक प्रहर ९३ घण्टा० अघिदेखि नै प्रवेश गर्ने हुँदा बाल, वृद्धलगायत अशक्तहरूले पनि कम्तीमा एक प्रहर अघिदेखि भोजन गर्न नहुने शास्त्रनिर्देश रहेको छ।

ग्रहणका बेला सुत्नाले आयुक्षय, पिसाब गर्दा दरिद्रता, दिसा गरे अर्को जन्ममा किराफट्याङ्गाको जुनी र मैथुन गरे सुँगुरको जुनी प्राप्त हुन्छ भनी बताइएको छ। यस्तै गाजल लगाउनाले र खानाले दुःसाध्य रोग र अधोगति, अरूलाई बन्धनमा राख्दा सर्पको जुनी र वध गर्दा नरकलोक प्राप्त हुन्छ भनी बताइएको छ-

निद्रायां जायते व्याधि मुत्रे दारिद्रमाप्नुयात्।
पुरिषे कृमियोनिश्च मैथुने ग्रामसूकरः॥
अभ्यञ्जने भवेत् कुष्ठि भोजने स्यादधोगति।
बन्धने च भवेत् सर्प बधे च नरकं व्रजेत्॥

ग्रहणका बेला आउने विषाक्त किरणले शरीरमा असर गर्ने हुँदा यो बेला घरभित्रै बसेको राम्रो मानिन्छ। यस समयमा चक्कु, कैंची, सियो, किलालगायत धारिलो वस्तुको काम गर्न नहुने बताइन्छ। यो समयमा फलफूल टिप्न, गाई दुहुन, कपाल-दाह्री तथा नङ काट्न, सिँगारपटार गर्न, मसाज गर्न, साबुन लगाएर नुहाउन, लुगा धुन, ब्रस गर्न, सुत्न, दिसापिसाब गर्न नहुने शास्त्रवचन रहेको छ। ग्रहण लागेका समयमा देवमूर्ति स्पर्श तथा पूजा गर्न हुँदैन। ग्रहण लाग्नुअघि अरूबाट लिएको उधारो वा सापटी बाँकी राख्नु हुँदैन।

ग्रहणको समयमा गर्भवतीहरूले बाहिर निस्कन र ग्रहण हेर्न हुँदैन। राहुग्रस्त बिम्बबाट आएका पराबैजनी किरणहरूले वातावरण विषाक्त बन्ने हुँदा गर्भमा रहेको बच्चालाई छिट्टो असर पुर्याउन सक्छ। गर्भवतीहरूले पेटमा मसाज गर्ने वा कन्याउने गर्दा पनि पेटको बच्चालाई असर पुग्ने सम्भावना रहन्छ। ग्रहणका बेला बच्चा जन्मिएमा पनि अरिष्टयोग लाग्ने हुँदा उचित समयमा स्वस्तिशान्ति गराउनुपर्दछ।

ग्रहणका बेला तीर्थस्नान, देवमन्त्र-उपासना, तन्त्रसाधना, नामसंकीर्तन, जप, होम, श्राद्ध लगायतका आध्यात्मिक कार्य गर्दा विशेष लाभ हुने बताइएको छ। तन्त्र-मन्त्र सिद्धि गर्न सर्वोपयोगी समयका रूपमा ग्रहणकाललाई लिने गरिन्छ। ग्रहण सुरु हुन लाग्दा स्नान, सुरु भएपछि हवन, मोक्ष हुने समयमा दान र मोक्षपछि वस्त्रसहित स्नान गर्नुपर्ने धर्मशास्त्रीय विधान रहेको छ। ग्रहणकालमा गरिएको स्नान-दान विशेष पुण्यदायी हुने मानिन्छ। ग्रहणका समयमा भरसक सुपात्रलाई दान दिनुपर्दछ। जातिगत रूपमा जोसुकैलाई दान



दिए पनि ब्राह्मणलाई दिएसरह नै पुण्य प्राप्त हुन्छ।

ग्रहणस्नान गर्ने जल शुद्ध हुनु आवश्यक हुन्छ। भूमिगत कुवा तथा इनारको जलभन्दा झरनाको जल, झरनाभन्दा तलाउ-पोखरी, त्यसभन्दा नदी, नदीभन्दा तीर्थको जल, त्योभन्दा पनि महानदीको जल, महानदीभन्दा गंगाजल र गंगाजलभन्दा समुद्रको जलमा स्नान गर्नु दस-दस गुणा अधिक पुण्यदायी हुने बताइएको छ।

ग्रहणका समयमा पितृहरूको प्रसन्नताका लागि रात्रिकालमा पनि श्राद्ध गर्न सकिन्छ। ग्रहणकालमा गरिने श्राद्धमा काँचो अन्न वा सुवर्ण प्रयोग गर्नुपर्दछ। यस्तै जलका ठाउँमा घिउ प्रयोग गर्नुपर्दछ। ब्राह्मणभोजनमा पनि घिउ खुवाउनुपर्दछ। ग्रहणका बेला दाताको अभ्युदय हुन्छ तर भोजन गर्ने ब्राह्मणलाई भने दोष लाग्छ। जन्म र मरणको आशौचमा पनि ग्रहणस्नानादि गर्नुपर्ने विधान रहेको छ। रजोवती नारीले पनि कुवा, पोखरी, नदी आदिबाट भाँडामा निकालिएको पानीले पाखामा स्नान गर्नुपर्दछ।

राशिहरूलाई ग्रहणको प्रभाव

ग्रहणले कसैका लागि भाग्य र कसैलाई दुर्भाग्य निम्त्याउन सक्छ। आफ्नो नामराशिदेखि गन्दा ३, ६, १० र ११ औं राशिमा ग्रहण लागेको छ भने उक्त ग्रहण शुभफलदायी हुन्छ। यसबाहेक अन्य राशिमा ग्रहण लागेको भए प्रतिकूल हुन्छ। शास्त्रीय मान्यताअनुसार शुभफल मिल्ने राशिवालाहरूले मात्र ग्रहण हेर्नु शुभ हुन्छ। अन्य राशिहरूले ग्रहण हेरेमा बताइएका प्रतिकूल फलमा बढोत्तरी हुन्छ।

यसपालि लाग्ने चन्द्रग्रहण मकर राशिअन्तर्गत उत्तराषाढा नक्षत्रमा स्पर्श भई श्रवण नक्षत्रमा सकिनेछ। यसर्थ मकर राशि र त्यसमा पनि विशेष गरी उत्तराषाढा र श्रवण जन्मनक्षत्र हुनेहरूका लागि यो ग्रहणको प्रभाव बढी कष्टदायी हुने शास्त्रवचन रहेको छ। त्यस्तै मिथुन, तुला र कुम्भ राशि हुनेहरूलाई पनि ग्रहण प्रतिकूल फलदायी रहनेछ। मेष, सिंह, वृश्चिक र मीन राशिलाई भने ग्रहण शुभफलदायी रहनेछ। वृष, कर्कट, कन्या र धनु राशिलाई सामान्य प्रतिकूल फल ग्रहणले दिनेछ। ग्रहण कष्टदायी हुने राशिका व्यक्तिहरूले विधिपूर्वक ग्रहणशान्ति गर्दा लाभ मिल्नेछ।

ग्रहणफल-
मेष - सुख
वृष - मानहानि
मिथुन - कष्ट
कर्कट - पति वा पत्नीलाई पीडा
सिंह - सुख
कन्या - चिन्ता
तुला - पीडा
वृश्चिक - श्रीप्राप्ति
धनु - हानि
मकर - घात
कुम्भ - व्यय
मीन - लाभ

ग्रहणमा व्रत-पर्व एवं तिथि-श्राद्धलाई के गर्ने

यस पूर्णिमामा चन्द्रमाको व्रत समाप्ति, अन्य व्रतहरूको उद्यापन, चौरासी पूजा, लाखबत्ती बाल्ने जस्ता काम्य कृत्यहरू गर्न नमिल्ने हुँदा अरू पूर्णिमामा गर्नुपर्छ। ग्रहण लाग्नुपूर्व ३ दिन, ग्रहण लागेको दिन र ग्रहणपछिका ३ दिन गरी जम्मा ७ दिन ग्रहणको विशेष सूतक लाग्ने हुँदा यी दिनमा पर्ने गरी मांगलिक कार्यहरू गृहारम्भ, प्रवेश, अनित्य रुद्रीपूजा आदि गर्नुहुँदैन। ग्रहण लागेका उत्तराषाढा र श्रवण नक्षत्रमा ६ महिनासम्म मांगलिक कार्य गर्न हुँदैन।

ग्रहण लाग्ने दिन जन्मोत्सव पूजा परेमा उही दिन गर्नुपर्दछ। तिथि, श्राद्ध, जन्मोत्सव आदि नैमित्तिक कर्म बिनाआशौच सार्न नमिल्ने हुँदा जन्मोत्सव प्रातःकालमा र एकोद्दिष्ट श्राद्ध मध्याह्नकालमा गर्नुपर्दछ।

सूर्यग्रहण या चन्द्रग्रहणका दिन वार्षिक तिथि वा श्राद्ध परेमा रोक्न वा अर्को दिनलाई सार्न नहुने शास्त्रवचन रहेको छ। ग्रहणका दिन वार्षिक श्राद्ध, मासिक श्राद्ध, दर्शश्राद्ध आदि परेमा त्यसै दिन पक्वान्नद्वारा पिण्डदानादि कर्म गरी यथावत् रूपमा गर्नुपर्छ। ब्राह्मण भोजन भने ग्रहणसूतकको निषिद्ध समयअगाडि नै गराइसक्नुपर्दछ।

यसैगरी पूर्णिमा व्रत पनि यथावत् लिएर साँझमा चन्द्रमालाई अर्घ्यदान गर्नुपर्दछ। तर खानपानका लागि भने ग्रहण मोक्ष भएपछि शुद्धिस्नान गरेर त्यसपछि मात्र पकाएर खान मिल्नेछ।

ग्रहण आकाशमा समय-समयमा देखापर्ने अनियमित परिघटना हो। सामान्यतया यसले ६ महिनासम्मलाई शुभाशुभ फलको विधान गर्दछ। ग्रहणकाललाई अशुभ समयका रूपमा व्याख्या गरिए पनि माथि बताइएका आध्यात्मिक कार्य तथा साधना गर्नेहरूका लागि यो समय अत्यन्त लाभदायक हुन सक्छ। 'प्रत्यक्षं ज्योतिषं शास्त्रं चन्द्रार्कौ यत्र साक्षिणौ' भनिएकाले ज्योतिषमा गणितको परीक्षण गरी त्रुटि सच्याउने अवसर पनि ग्रहणले प्रदान गर्दछ।

नेपाली पात्रोबाट

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लिु,ले,लो,अ): **विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला र काम गर्ने जांगर र आत्मबल बढ्ला र मनमा उत्साह र हिम्मत बढ्नेछ र**

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): **आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् र भेटघाटमा मन रमाउनेछ र खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् र**

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): **शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला र तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् र**

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): **पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ र यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ र मन प्रफुल्ल रहला र**

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): **मनमा चंचलता बढ्नेछ र आफन्तजनबाट सहयोग मिल्न कठिन होला र एकाग्र भएर काम गर्न मुस्किल पर्ला र**

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): **समय राम्रो छ र साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला र प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला र**

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): **समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला र स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न र मन दोधार होला र**

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): **आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला र शैक्षिक क्षेत्रभने मध्यम रहला र सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला र**

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): **समय मध्यम खालको छ र नयाँ र रमाइलो ठाउँको भ्रमण होला र सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला र**

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): **समय उत्तम खालको छ र आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला र शुभ समाचार सुन्नाले मन प्रशन्न रहला र**

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): **मिष्ठान्न भोजन प्राप्त हुन सक्छ र पुराना साथीभाईहरुसित भेटघाट होला र व्यापार व्यवसायमा प्रगति होला र**

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): **समय उत्तम खालको छ र तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला र माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ र**

पाकिस्तानमा इमरान खानको उदय



पूर्व क्रिकेट स्टार र 'प्लेब्वाय' इमरान खानको अब अर्को नयाँ परिचय थपिँदै छरु। पाकिस्तान तेहरिक-ई-इन्साफ (पिटिआई)का नेता खान अब देशका भावी प्रधानमन्त्री हुन्रु। हिंसाबीच बुधबार सम्पन्न निर्वाचनमा खानको पिटिआई पार्टीले अनपेक्षित सफलता हासिल गरेसँगै आणविक राष्ट्र पाकिस्तानमा खान प्रधानमन्त्री बन्ने पक्का भएको छ।

खानको उदयसँगै पाकिस्तानको राजनीतिमा नयाँ हलचल उत्पन्न भएको छरु। निर्वाचन अभियानमा खानले देशको शक्तिशाली सेनाको राम्रो 'आशीर्वाद र समर्थन' पाएका थिए। निर्वाचनमा सत्तासीन पाकिस्तान मुस्लिम लिग-नवाज र पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) क्रमशः दोस्रो र तेस्रो स्थान आउने निर्वाचन नतिजाले देखाएको छ। इमरान खानले आफ्नो दल आमनिर्वाचनमा विजयी भएको दाबी गरेका छन्रु। यद्यपि, निर्वाचनको औपचारिक घोषणा हुन भने बाँकी नै छ।

वासिङ्टनस्थित वुड्रो विलसन सेन्टरका मिसेल कुगलम्यानका अनुसार खानको उदय एउटा 'विश्वव्यापी प्रवृत्ति' हो, जहाँ असन्तुष्ट, विद्रोही, अत्याधुनिक नेताहरूले पुनर्जागरणको फाइदा लिएका छन्रु। 'उनी नयाँ, साहसी र स्वच्छ नेताको प्रतिनिधत्व गर्छन्, जसलाई पाकिस्तानले लामो समयदेखि पर्खिरहेको थियो,' कुगलम्यान भन्छन्रु। राष्ट्रिय शक्तिमा पकड जमाउने अनुभवको अभाव र घमण्डी व्यक्तित्वका कारण प्रधानमन्त्रीका रूपमा उनको आगामी यात्रा त्यति सहज नभएको कुगलम्यानको भनाइ छरु।'यसले पाकिस्तानी सेनालाई नै समस्यामा पार्न सक्छ,' उनी भन्छन।

क्रिकेटर हुँदै समाजसेवा

इमरान खानको जन्म आजभन्दा ६५ वर्षअगाडि पाकिस्तानको लाहोर सहरमा एउटा धनाढ्य पास्तुन परिवारमा भएको थियोरु। लाहोरको एटचिसन कलेजमा अध्ययन गरेका खानले सन् १९७५ मा अक्सफोर्ड युनिभर्सिटीबाट दर्शनशास्त्र, राजनीति र अर्थशास्त्रमा स्नातक गरेका छन।

पाकिस्तानको राष्ट्रिय क्रिकेट टिमको क्याप्टेनका रूपमा खानको चर्चा सदाबहार छरु। अस्ट्रेलियामा सन् १९९२ मा विश्वकप क्रिकेटमा उनको कप्तानीमा पाकिस्तान विजयी भएका थियोरु। १९ वर्षको छँदा इङ्ल्यान्डविरुद्धको टेस्टमा पाकिस्तानको टिमबाट उनले डेब्यु गरेका थिए।

खेलबाट सन्न्यास लिएपछि खानले आफ्नो सम्पूर्ण जीवन परोपकार र सामाजिक कार्यमा बिताए। उनले आफ्नी आमाको सम्झनामा पाकिस्तानमा पहिलो दक्ष क्यान्सर केन्द्र स्थापना गरेरु। खानले पन्जाबको मियावालीमा कलेज स्थापना गरेका थिए।

के छ इमरानको नीति ?

निर्वाचनअघिसम्म नयाँ पाकिस्तानको नारा लगाउँदै देशको शासन व्यवस्थामा सुधार गर्ने वाचासहित खानले भ्रष्टाचारविरुद्ध अभियान सुरु गरेका थिएरु। खानले पार्टीको घोषणापत्रमा पाँच वर्षभित्र एक करोडलाई नयाँ रोजगारी सिर्जना गर्ने र ५० लाख हाउजिङ युनिट निर्माण गर्ने वचन दिएका छन्रु। खानले राष्ट्रसंघको सुरक्षा परिषद्को संकल्प प्रस्तावबमोजिम भारतसँगको विवादास्पद कास्मिर समस्या समाधान गर्नुपर्नेमा जोड दिँदै आएका छन।

अफगानिस्तानमा अमेरिकी नीतिलाई लिएर पिटिआईले अमेरिकाको विरोध गरेको छरु। उनले तालिवानसँगको शान्तिवार्तामा जोड दिँदै आएका छन्रु। तालिवानप्रति नरम भएका कारण उनलाई विरोधीहरूले तालिवान खानको संज्ञा दिएका छन्रु। उनी पाकिस्तानका सशस्त्र अतिवादी समूहसँग पनि नरम बनेका छन्रु। केही समूहले उनलाई निर्वाचनमा समर्थन जनाएका थिएरु। निर्वाचित भएसँगै खानले घरेलु र विदेशी नीतिसम्बन्धी चुनौती सामना गर्नुपर्ने विज्ञहरू बताउँछ।

विज्ञहरूका अनुसार देशबाहिर भारत र अफगानिस्तानसँगको सम्बन्ध खानको मुख्य चुनौती हुनेछरु। यसबाहेक अमेरिकासँगको सम्बन्धलाई पनि सुधार गर्नुपर्ने देखिन्छरु। खानले लामो समयदेखि अमेरिकाको विरोध गर्दै आएका छन।

दुई दशकदेखि राजनीतिमा

भ्रष्टाचारको महामारीबाट चिन्तित बनेका खान सन् १९९६ मा पाकिस्तानको राजनीतिक भेलमा हाम फालेका थिएरु। सम्पूर्ण नागरिकलाई इन्साफ अर्थात् न्याय प्रदान गर्ने भन्दै उनले सोही वर्ष पाकिस्तान तेहरिक इन्साफ (पिटिआई)गठन गरेरु। एक वर्षपछि सम्पन्न निर्वाचनमा लज्जास्पद पराजय भयोरु। पिटिआईले नेसनल एसेम्बलीमा एक सिट पनि ल्याउन सकेनरु। युवा जोससँगै राजनीतिमा होमिएका उनी निर्वाचनमा पार्टीको प्रारम्भिक असफलताबाट हरेस खाएनन।

सन् २००२ को निर्वाचनमा पनि पिटिआईले एक सिटमै चित्त बुझाएको थियोरु। सन् २००२ देखि सन् २००७ सम्म उनले नेसनल एसेम्बलीमा पन्जाबको मियावाली क्षेत्रको प्रतिनिधित्व गरेरु। त्यसबेलासम्म राजनीतिज्ञको रूपमा सञ्चारमाध्यमले खासै चासो दिएका थिएनन्रु। तर, संसद् र सडकमा उनको प्रस्तुति बेजोड थियोरु। तत्कालीन राष्ट्रपति परवेज मुसर्रफले अमेरिकी राष्ट्रपतिको जुत्ता चाटेको अभिव्यक्ति दिएपछि उनी अमेरिकाविरोधीका रूपमा मात्र चिनिएनन, घरमै नजरबन्दमा रहन बाध्य भए।

सन् २००७ को नोभेम्बरमा सैनिक जनरल परवेज मुसर्रफले संकटकाल घोषणा गर्दा खानले मुसर्रफलाई मृत्युदण्ड दिनुपर्ने धारणा व्यक्त गरेर आफ्नो राजनीतिक जीवन जोखिममा पारेका थिएरु। तत्कालै पक्राउ भएका उनी केही महिनापछि रिहा भएका थिए।

सन् २००८ को निर्वाचन बहिष्कार गरेका खानले त्यसपछि भ्रष्टाचारविरुद्धको सडक आन्दोलनलाई अस्वाभाविक रूपमा चर्काएरु। सरकारविरोधी प्रदर्शनलाई लिएर तत्कालीन असिफ अली जर्दारी सरकारले उनलाई घरमै नजरबन्दमा राखेको थियोरु। सन् २०११ मा उनको भ्रष्टाचारविरोधी आन्दोलनले पाकिस्तानमा दशौँ हजार मानिसलाई प्रभावित बनाएको थियोरु। सरकारविरुद्ध लाहोर र कराँचीमा भएका (यालीमा हजारौँले समर्थन गरेका थिए।

सन् २०१३ को आमनिर्वाचनमा खैबर पाकटुंकवा प्रान्तमा विजयी भएपछि पिटिआईले पाँच वर्षसम्म सो प्रान्तमा सरकार गठन गरेको थियोरु। पाँच वर्षअघिको निर्वाचनमा पाक राजनीतिको प्रमुख खेलाडी भए पनि इमरानले आन्दोलनकारी राजनीतिज्ञको पहिचान बनाएका थिएरु। सो समयमा संसद्बाथि अनादर गरेको उनीमाथि आरोप लागेको थियोरु। 'इमरानले संसद्जस्तो निर्वाचित संस्थाको समेत अपमान गरे,' कराँचीस्थित पत्रकार अमिर अहमेद खान भन्छन्।

खान विगत दुई सातादेखि पाकिस्तानमा जेलजीवन बिताइरहेका नवाज सरिफका मुख्य आलोचक हुन्रु। निर्वाचनमा धाँधली गरेको आरोप लगाउँदै पाकिस्तान मुस्लिम लिग नवाज पार्टीका तर्फबाट सरकारको नेतृत्व गरेका प्रधानमन्त्री नवाज सरिफको राजीनामा माग गर्दै ६ महिनासम्म सडक प्रदर्शन गरेका थिए।

पानामा पेपर्सको चुहावटमा सरिफको पनि नाम जोडिएपछि खानले त्यसलाई मुख्य मुद्दा बनाएरु। गत वर्ष सर्वोच्च अदालतले सरिफलाई भ्रष्टाचारी ठहर गर्दै १० वर्ष जेल सजायको फैसला सुनाउनु खानका लागि नैतिक विजय थियो।

सरिफको पतन र खानको उदयको डिजाइन पाकिस्तानको सेनाले गरेको आरोप लागेको छरु। तर, सेनालाई बदनाम बनाउने विदेशी षड्यन्त्र भएको खानले बताउँदै आएका छन्।



आफ्नै काकाद्वारा ७ वर्षीया बालिका बलात्कृत

सप्तरी / सप्तरीमा आफ्नै काकाद्वारा ७ वर्षीया बालिका बलात्कारको शिकार भएकी छिन् ।

कञ्चनरुप नगरपालिका-८ बस्ने २५ वर्षीय एक व्यक्तिले बालिकालाई बलात्कार गरेको प्रहरीले जनाएको छ । खडक नगरपालिका-९, लालपट्टीमा आफ्नै बहीनीलाई बलात्कार गरी हत्या गरेको घटना सेलाउन नपाउँदै अर्को घटना सार्वजनिक भएको हो । खडक नगरपालिकामा २२ वर्षीय दाजुले १२ वर्षीया बैनीको बलात्कार गरी हत्या गरेका थिए ।

गजेन्द्रले कहिले फकाएर र कहिले डर त्रास देखाएर विगत १ महिनादेखि बालिकाको बलात्कार गर्दै आएको प्रहरीको भनाई छ र व्यापार/व्यवसाय गर्ने बाबु-आमा स्थानीय कञ्चनपुर बजारमा गएको समय पारी उनले बालिकालाई बलात्कार गर्दै आएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका इन्स्पेक्टर प्रतिक विष्टले बताए ।

निरन्तरको बलात्कारपछि सिकिस्त हुँदै गएकी बालिकालाई परिवारका सदस्यले सोधखोज गर्दा घटना सार्वजनिक भएको होर बालिकाले आफ्नी आमालाई घटनाको बारेमा जानकारी गराएकी थिइन्र बालिकाका अनुसार पछिल्लो पटक गत मंगलबार पनि गजेन्द्रले मुख थुनेर जबरजस्ती गरेको उनकी आमाले बताइन् ।

धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारपछि शुक्रबार बालिकालाई घर ल्याइएको छ । आरोपित गजेन्द्र फरार छन् ।

पीडित बालिकाको बयान र आमाबुवाको उजुरीका आधारमा मुद्दा दर्ता गरी घटनाको अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । फरार रहेका गजेन्द्रको खोजी भइरहेको सप्तरीका एसपी मुकेश कुमार सिंहले बताए ।

सप्तरीमा बलात्कार र बलात्कार प्रयासका घटना बढ्दो रुपमा छन् । इन्सेक सप्तरीका अनुसार २०७४ पुस १७ देखि २०७५ असार ७ गते भित्र मात्रै सप्तरीमा २४ वटा बलात्कारका घटना भएका थिए । तथ्यांक अनुसार बालिका बलात्कारका २१ र महिला बलात्कारका ३ गरी २४ वटा घटना घटेका छन् ।

बोदेवरसाइनका मेयरले ५ करोडको जग्गा दान गरे

राजविराज / सप्तरीको बोदेवरसाइन नगरपालिकाका मेयर आतेशकुमार सिंह यादवले नगरपालिकाको कार्यालय भवन निर्माण गर्न करोडौ रुपैयाँ पर्ने जग्गा दिएका छन् ।

नगरपालिकाको केन्द्र वरसाइन बजारमा कार्यालयको नयाँ भवन निर्माण गर्न उनले आफ्नै नाममा रहेको १० कट्ठा जग्गा दान गरेका हुन् । पहिले देखि सञ्चालनमा रहेको नगरपालिकाको कार्यालय कृषि सेडमा सञ्चालन हुँदै आएको छ । उक्त स्थानमा सेवाग्राही अनुसार ठाउँ नरहेको ले जनतालाई सुविधा हुने गरी बजारमै नयाँ कार्यालय भवन निर्माण होस भनेर उनले आफ्नै जग्गा दान गरेका हुन ।

कार्यालय भवनका लागि दान गरिएको सो जग्गा शुक्रवारै जिल्ला मालपोत कार्यालय राजविराजबाट नगरपालिकाको नाममा रजिष्ट्रेशन गरिएको छ । मेयरले जग्गा उपलब्ध गराएसँगै नयाँ भवन निर्माण गर्न प्रक्रिया थालिएको नगरपालिका कार्यालयले जनाएको छ ।

साविक गाविसहरु बोदेवरसाईन, सारस्वर, फुलकाही, मानराजा, खडकपुर, काचन, देउरी, धनगढी (१-८) र नेगडा गरी कुल ५८ दशमलव ९३ वर्गकिलोमिटर क्षेत्रमा रहेको नगरपालिकामा ४३ हजार २२९ जनसंख्या रहेको छ ।



खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६१, ९७४३०२५७१२, ९८०७७५५४५३
नोट: आर्युबेदिक डाक्टरद्वारा ब्वासी र, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टी का साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगवाट वचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१



IME सेवाः यहाँ विश्वको जुनसुकै देशवाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

